**कोन्ज्योसोम गाउँपालिका**
Konjyosom Rural Municipality
༄༅།། ཀོན་ཛྱོ་སོམ་གཱུཨུཔཱ་ལིཀཱ
**गाउँ कार्यपालिकाको कार्यालय**
Office of Rural Municipal Executive
चौघरे, ललितपुर
Chaughare, Lalitpur

बागमती प्रदेश, नेपाल।
Bagmati Province,Nepal.

पत्र संख्या /Ref.No:-२०८०/८१
चलानी नं./Dispatch No:- १२६१

मिति :२०८१/०२/२१

# सूचना ! सूचना !! सूचना !!!

**सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं ०८०/८१, च.नं ३८५ मिति २०८१/०१/२४ को प्राप्त परिपत्र अनुसार पहिलो चरणमा मिति २०८१/०४/०१ देखी यस कोन्ज्योसोम गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकाले सोको लागि हालसम्म राष्ट्रिय परिचयपत्र नबनाउनुभएको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले नजिकको Enrollment Station ( जिल्ला प्रशासन कार्यालय, ललितपुर) मा गई राष्ट्रिय परिचयपत्र बनाउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै राष्ट्रिय परिचयपत्रका लागि पहिले नै Enrollment भएका तर राष्ट्रिय परिचयपत्र नं (NIN) प्राप्त नभएका लाभग्राहीहरुले http://citizenportal.donidcr.gov.np/CitizenPortal लिङ्क मार्फत आफ्नो नागरिकता विवरण वा राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरको आधारमा घरबाटै वा नजिकको वडा कार्यालय वा यस गाउँपालिकाको पञ्जीकरण शाखामा गई हेर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

थप जानकारीका लागि :
कोन्ज्योसोम गाउँपालिका, पञ्जीकरण शाखा तथा नजिकको वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

बोधार्थ :
श्री वडा कार्यालय सबै – सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई Biometric Verification अनिवार्य गर्नुहुन ।
श्री सूचना तथा प्रविधि शाखा – पालिकाको वेवसाईट तथा सम्पूर्ण आधिकारिक सामाजिक संजालमा अपलोड गर्नुहुन ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत